सरुमारानी गाउँपालिका

# मासिक ई-बुलेटीन

अकं ६ संवत २०८० साल मंसिर ०४ गते https://sarumaranimun.gov.np

## गाउँपालिकामा कार्यरत कर्मचारीहरुको नियमित स्टाफ मिटिङ सम्पन्न

मिति २०८०।०७।१५ गते सरूमारानी गाउँपालिका का प्रमुख प्रशासकीय अधिकृत श्री देविराम पाठकको अध्यक्षतामा सरूमारानी गाउँपालिकामा कार्यरत कर्मचारीहरुको बैठक सम्पन्न भएको छ। कर्मचारीहरुले बैठकमा प्रथम त्रैमासिक सम्मको एकमुष्ट प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो ।साथै (श्रावण, भाद्र र असोज महिना) को एकमुष्ट रूपमा कार्य सम्पादन तथा मूल्यांकन को आधारमा सरूमारानी गाउँपालिका कार्यसम्पादन तथा मूल्यांकन समितिले विभिन्न सूचकहरूको मूल्यांकनको आधारमा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत कृषि शाखा प्रमुख श्री ईश्वर जिसी ,वडा नं १ का वडा सचिव श्री यम बहादुर रायमाझि र गाउँपालिका अन्तर्गत वडा नं ५ मा रहेको ढुङ्गेगढी स्वास्थ्य चौकीमा कार्यरत कार्यालय सहयोगी श्री शोभाकुमारी गाहालाई (श्रावण, भाद्र र असोज ) महिनाको उत्कृष्ट कर्मचारी छनौट गरिएको छ ।उहाँको कार्य सम्पादनको उच्च मूल्यांकन गर्दै प्रशंसा पत्र तथा पुरस्कार समेत वितरण गरिएको छ, साथै नयाँ नियुक्ती भई आउनु भएका कर्मचारीहरु वन प्राविधिक श्री टिकाराम चापागाई,कृषि प्राविधिक श्री निर्मल भुषाल,अ.न.मी श्री अप्सरा थापा, पशु प्राविधिक श्री खिम बहादुर वलीलाई स्वागत समेत गरिएको थियो ।







# अदुवा बेसार खेती सम्बन्धी तालिम कार्यक्रम सम्पन्न

सरुमारानी गाउँपालिका प्यूठानको आ.व.२०८०/०८१ को किसान सँग गाउँ सरकार कार्यक्रम अन्तर्गत अदुवा बेसार खेती सम्बन्धी तालिम सरुमारानी गाउँपालिका वडा नं ३ मा सम्पन्न भएको छ । सरुमारानी गाउँपालिका वडा नम्बर ३ का अगुवा कृषकलाई २ दिने अदुवा बेसार खेती सम्बन्धि तालिम दिएको थियो ।यस तालिम बाट २१ जना घरधुरिका परिवारहरुले लाभ लिएका छन् । यो तालिम मिति २०८०-०७-१९ र २० गते संचालन गरिएको थियो ।









## सरुमारानी गाउँपालिकाको दोस्रो गाउँसभाको १४औं अधिवेशन सम्पन्न




सरूमारानी गाउँपालिकाको दोस्रो गाउँसभाको १४औ अधिवेशन गाउँपालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्माको अध्यक्षतामा सम्पन्न भएको छ । १४ औं अधिवेशन बाट निम्न कार्यसूचीहरू उपर छलफल पश्चात सर्ब सम्मत रूपमा पारित गरिएको छ ।

- ✓ आ.व.०७९/८० को प्रारम्भिक लेखा परीक्षण प्रतिवेदन उपर छलफल गरि पारित ।
- ✓ आ.व.०७९/८० को आय-व्यय विवरण पेस
- ✓ आ.व.०८०/८१ को आम्दानी र खर्च विवरण उपर छलफल गरि पारित । जस अनुसार २५% रकम निकासा १३% रकम खर्च ।
- ✓ योजना तथा कार्यक्रम शंसोधन उपर छलफल गरी पारित ।
- ✓ भुकम्प पीडित सहयोग र समवेदना उपर छलफल गरी मिति २०८० साल कार्तिक १७ गते राती ११:४७ बजे जाजरकोटको रामीडाडा केन्द्र विन्दु रही गएको ६.४ म्याग्नेच्युडको विनाशकारी भूकम्पका कारण ज्यान गुमाएकाहरू प्रती हार्दिक श्रद्धाञ्जली, परिवार जन प्रति गहिरो समवेदना व्यक्त र घाईतेहरूको सीघ्र स्वास्थ्य लाभको कामना समेत गरिएको थियो । साथै उक्त भूकम्प प्रभावित क्षेत्रमा खोज, उद्धार, राहत, उपचार , पुनःस्थापन र पुनःनिर्माणको लागि गाँउपालिकाका अध्यक्ष उपाध्यक्षले तीन दिन,वडाअध्यक्ष र कार्यपालिका सदस्यले दुई दिन र सदस्यहरूले एक दिन बराबरको रकम सहयोग गर्ने र गाउँपालिकाको तर्फबाट रू. २ लाख विपद व्यवस्थापन कोषबाट सहयोग उपलब्ध गराउने निर्णय समेत गरियो ।
- ✓ नेपालीहरुको महान चाड पर्व दिपावली नजिकिँदै गर्दा पलाष्टिक जन्य फुल तथा फूलका मालालाई निरूत्साहित गर्दै स्थानीय फूल तथा फूलका मालाको प्रयोग गर्न प्रोत्साहन गर्ने निर्णय गरियो ।



# उपभोक्ता समितिका पदाधिकारीहरुको लागि क्षमता विकास तालिम सम्पन्न

उपभोक्ता समितिका पदाधिकारी, कर्मचारी तथा जनप्रतिनिधिहरुको लागि योजना संचालन तथा व्यवस्थापन सम्बन्धी अभिमूखिकरण कार्यक्रम सम्पन्न भएको छ । मिति २०८०।०७।१७,१९ र २१ गते क्रमश वडा नं ५, ४ र २ गरी पहिलो चरणमा ३ वटा वडामा संचालन गरिएको थियो । यो तालिममा वडा नं ५ मा ७०, वडा नं ४ मा ५० र वडा नं २ मा ५० जना गरि जम्मा १७० जना को सहभागिता रहेको थियो ।








## गाउँपालिकाबाट भएका प्रशासनिक गतिविधिहरुः

- आ.व २०८०।८१ को दोस्रो गाउँसभाको १४ औं अधिवेशन सम्पन्न सम्पन्न भएको छ ।
- आ.व २०८०।०८१ को त्रैमासिक प्रगति प्रतिवेदन  शाखा प्रमुख तथा वडा सचिवहरुले प्रस्तुत गर्ने काम सम्पन्न भएको छ ।
- वार्षिक स्वीकृत योजना/आयोजना कार्यान्वयनका सन्दर्भमा ड्रईङ्ग, डिजाइन, नक्साङ्कन, इष्टिमेट नापँजाँच कार्य गर्नुका साथै योजनाहरुको शीलबन्दी दरभाउपत्र आव्हान E-Tender समेत गरिएको छ ।


सम्पर्क नं:

अध्यक्षः झग बहादुर विश्वकर्मा (९८४७९६१३५९)

उपाध्यक्षः बसन्ता खड्का (९८४४९१८५८४)

प्रमुख प्रशासकीय अधिकृतः देविराम पाठक (९८५७८३६०२२)

सूचना अधिकारीः शिव राज न्यौपाने (९८४५४४०७७३)

प्रकाशकः

सरुमारानी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

बङ्गाँडा,प्यूठान ।

facebook: https://www.facebook.com/SarumaraniGapa
website:sarumaranimun.gov.np
email:sarumarani2073@gmail.com
phone no:9857836022